## आर्थिक वर्ष २०७३/७४ को मौद्रिक नीतिको

# अर्द्ध-वार्षिक समीक्षा

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं

गभर्नर डा. चिरंजीबि नेपालले
२०७३ फागुन १० गते
सार्वजनिक गर्नुभएको

# आर्थिक वर्ष २०७३/७४ को मौद्रिक नीतिको अर्द्ध-वार्षिक समीक्षा

**नेपाल राष्ट्र बैंक**
केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं

# विषय-सूची


| विवरण | पृष्ठ |
|---|---|
| पृष्ठभूमि | १ |
| आर्थिक लक्ष्यहरुको स्थिति | १ |
| अन्तरिम लक्ष्यहरुको स्थिति | २ |
| उत्पादनशील क्षेत्र कर्जा | ३ |
| मौद्रिक उपकरण तथा तरलता व्यवस्थापन | ३ |
| वित्तीय क्षेत्रको कानूनी, नियामकीय तथा पूर्वाधार सम्बन्धी सुधार | ४ |
| लघुवित्त तथा वित्तीय पहुँच | ५ |
| विदेशी विनिमय व्यवस्थापन | ५ |
| अन्तर्राष्ट्रिय आर्थिक परिदृश्य | ६ |
| आर्थिक तथा मौद्रिक परिदृश्य | ७ |
| मौद्रिक नीतिको कार्यदिशा | ७ |
| मौद्रिक उपायहरु | ८ |
| वित्तीय उपायहरु | ८ |

अनुसूची १ : आर्थिक वर्ष २०७३/७४ को मौद्रिक नीतिमा उल्लेख भएका नीतिगत व्यवस्थाहरुको प्रगति विवरण

अनुसूची २ : मौद्रिक सर्वेक्षण

**तथ्याङ्क तालिकाहरु**

# आर्थिक वर्ष २०७३/७४ को मौद्रिक नीतिको अर्द्ध-वार्षिक समीक्षा

## पृष्ठभूमि

१. न्यून आर्थिक वृद्धि, मुद्रास्फीतिको उच्च दवाव तथा शेयर बजार एवम् घरजग्गा कारोबारमा आएको उल्लेख्य विस्तारको पृष्ठभूमिमा आर्थिक वर्ष २०७३/७४ को मौद्रिक नीति २०७३ असार ३० गते सार्वजनिक गरिएको थियो । बढी भन्दा बढी वित्तीय साधन कृषि, उर्जा, पर्यटन, घरेलु तथा साना उद्योग लगायतका उत्पादनशील क्षेत्रमा अभिमूख गराई सरकारको लक्षित आर्थिक वृद्धिदर हासिल गर्न सहयोग पुऱ्याउने उद्देश्य राखी मौद्रिक नीतिको कार्यदिशा तय गरिएको थियो ।

२. नेपाल सरकारको बजेट वक्तव्यमा उल्लिखित आर्थिक वृद्धिदर र मुद्रास्फीतिको लक्ष्य हासिल गर्न सावधानीपूर्वक मौद्रिक लक्ष्यहरु तय गर्दै तरलता व्यवस्थापन प्रभावकारी बनाउनु पर्ने अवस्था रहेको थियो । ब्याजदरमा देखिने उतारचढावलाई नियन्त्रणमा राख्ने उपायको रुपमा ब्याजदर करिडोर प्रणाली प्रारम्भ गरियो ।

३. चालु आर्थिक वर्षको मौद्रिक नीतिमा व्यवस्था भए बमोजिम पहिलो पटक मौद्रिक नीतिको त्रैमासिक समीक्षा २०७३ साल पुस ८ गते सार्वजनिक गरिएको थियो ।

४. मौद्रिक नीति जारी भएको ६ महिनाको स्थितिलाई विश्लेषण गर्दा अर्थतन्त्र सुधारोन्मुख रहेको देखिन्छ । कृषि, पर्यटन तथा सेवा लगायतका क्षेत्रसँग सम्बन्धित तथ्याङ्कले लक्षित आर्थिक वृद्धि हासिल हुन सक्ने अवस्था देखाएको छ । नेपाल सरकारको पूँजीगत खर्च तुलनात्मक रुपमा बढेको छ र राष्ट्रिय महत्वका आयोजनाहरुको कार्यान्वयनलाई प्रभावकारी बनाउने उद्देश्यका साथ सरकारले अनुगमन अगाडि बढाएको छ । त्यसैगरी, धान बालीमा उल्लेख्य वृद्धि, आपूर्ति सहजता, अघिल्लो वर्षको उच्च मूल्य वृद्धिको आधार प्रभाव तथा छिमेकी मुलुकमा समेत न्यून मुद्रास्फीति रहेका कारण मूल्य वृद्धि नियन्त्रणमा रहेको छ ।

५. यसैबीच, आर्थिक गतिविधिले गति समातेको अवस्थामा बैंक तथा वित्तीय संस्थाहरुको वित्तीय साधन परिचालन र उपयोग बीच असन्तुलन आई वित्तीय घर्षणको स्थिति देखा परेको छ । बैंक तथा वित्तीय संस्थाहरुमा देखिएको वित्तीय असन्तुलनले उत्पादनशील क्षेत्रमा बैंक कर्जा नरोकियोस् र यस प्रकारको वित्तीय असन्तुलनको समायोजन सावधानीपूर्वक होस् भनेर वाणिज्य बैंक, विकास बैंक र वित्त कम्पनी संघका पदाधिकारीहरुलाई भेला गराई यस बैंकले २०७३ माघ २६ गते केही वर्ष यता पहिलो पटक नैतिक दवाव (moral susasion) जस्तो मौद्रिक उपाय प्रयोगमा ल्याएको छ । यस प्रकारको नैतिक दवावले बजार मार्गदर्शन (market guidance) को काम गरोस् भन्ने उद्देश्य रहँदै आएको छ ।

६. अन्तर्राष्ट्रिय सन्दर्भमा विगत केही महिनायता विश्व अर्थतन्त्रलाई प्रभावित पार्ने घटनाहरु विकसित भएका छन् । तेल निर्यातकहरुको संघ ओपेक (OPEC) को पेट्रोलियम पदार्थको उत्पादन कटौती गर्ने निर्णयसँगै कच्चा तेलको मूल्य बढ्न शुरु गरेको छ । भारतको विमुद्रीकरणको प्रभाव क्रमशः कम हुँदै गएको छ । संयुक्त राज्य अमेरिकामा फेडरल रिजर्भले गैर-परम्परावादी मौद्रिक नीतिलाई सामान्यीकरण गर्न फेडरल फन्ड रेटको टार्गेट रेन्जमा वृद्धि गरेको छ ।

## आर्थिक लक्ष्यहरुको स्थिति

७. बजेट वक्तव्यमा उल्लिखित ६.५ प्रतिशतको आर्थिक वृद्धिदरको लक्ष्य प्राप्त गर्न सहज हुने गरी आवश्यक तरलता व्यवस्थापन गर्ने उद्देश्य आर्थिक वर्ष २०७३/७४ को मौद्रिक नीतिले राखेको थियो ।

पुनर्निर्माणले गति लिने, सरकारको पूँजीगत खर्च बढ्ने र वित्तीय सन्तुलन सहित निजी क्षेत्रको लगानीमा आवश्यक विस्तार आउने मान्यताका आधारमा मौद्रिक परिदृश्य तय गरिएको थियो ।

८. चालु आर्थिक वर्षको ६ महिनासम्मका आर्थिक गतिविधि हेर्दा आर्थिक वृद्धिदर लक्ष्य अनुरुप रहने देखिएको छ । अनुकूल मौसम, विद्युत आपूर्तिमा सुधार एवम् सहज आपूर्ति समग्र आर्थिक गतिविधि विस्तारको आधार हुने देखिएका छन् ।

९. आर्थिक वर्ष २०७३/७४ मा मौसम अनुकूल रहेको तथा कृषि सामग्रीको उपलब्धता समेत सहज रहेका कारण कृषि क्षेत्रको उत्पादन अपेक्षा गरेभन्दा उच्च रहने देखिएको छ। नेपाल सरकार, कृषि मन्त्रालयले धानको उत्पादन २१.७ प्रतिशतले वृद्धि हुने अनुमान गरेको छ । त्यसैगरी, उद्योग क्षेत्रका लागि स्थिति अनुकूल रहेको छ भने पर्यटकीय वातावरणमा पनि सुधार आएको छ ।

१०. समीक्षा अवधिमा नगद प्रवाहमा आधारित सरकारको पूँजीगत खर्च रु. ३० अर्ब ९७ करोड रहेको छ । गत वर्षको सोही अवधिमा उक्त खर्च रु. १३ अर्ब ६३ करोड मात्र रहेको थियो । त्यसैगरी, अघिल्लो आर्थिक वर्षको ६ महिनासम्ममा नगद प्रवाहमा आधारित सरकारको राजस्व रु. १६४ अर्ब ३३ करोड संकलन भएकोमा चालु आर्थिक वर्षको सोही अवधिमा ६८.९ प्रतिशतले बढेर रु. २७७ अर्ब ५७ करोड पुगेको छ ।

११. आर्थिक वर्ष २०७३/७४ को लागि औसत उपभोक्ता मुद्रास्फीति दर ७.५ प्रतिशतको सीमाभित्र कायम राख्ने लक्ष्य राखिएकोमा चालु आर्थिक वर्षको ६ महिनाको औसत मुद्रास्फीति दर ५.८ प्रतिशत रहेको छ । तरलता व्यवस्थापनमा सजगता, आन्तरिक उत्पादन तथा आपूर्ति व्यवस्थामा भएको सुधार र छिमेकी मुलुकमा समेत मुद्रास्फीति न्यून रहेका कारण मुद्रास्फीतिमा दवाव कम हुँदै गएको छ ।

१२. आर्थिक वर्ष २०७३/७४ को ६ महिनामा मुलुकको शोधनान्तर स्थिति रु. ४५ अर्ब २ करोडले बचतमा रहेको छ । फलस्वरुप, कुल विदेशी विनिमय सञ्चिति २०७३ असार मसान्तको रु. १०३९ अर्ब २१ करोडबाट ४.८ प्रतिशतले वृद्धि भई २०७३ पुस मसान्तमा रु. १०८८ अर्ब ८५ करोड पुगेको छ ।

१३. चालु आर्थिक वर्षको अन्त्यसम्ममा कम्तिमा ८ महिनाको वस्तु तथा सेवाको आयात धान्न पर्याप्त हुने गरी विदेशी विनिमय सञ्चिति कायम गर्ने मौद्रिक नीतिको लक्ष्य रहेकोमा २०७३ पुस मसान्तमा यस्तो सञ्चिति करिब १२.४ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त हुने देखिन्छ ।

## अन्तरिम लक्ष्यहरुको स्थिति

१४. आर्थिक वृद्धिको लक्ष्य ६.५ प्रतिशत, मुद्रास्फीतिको ७.५ प्रतिशत एवम् अघिल्लो वर्षको तरलता ओभर ह्याङ्गका आधारमा आर्थिक वर्ष २०७३/७४ मा विस्तृत मुद्राप्रदायको वार्षिक वृद्धिदर १७.० प्रतिशत हुने प्रक्षेपण गरिएको थियो । २०७३ पुस महिनामा विस्तृत मुद्राप्रदायको वार्षिक विन्दुगत वृद्धिदर १८.५ प्रतिशत रहेको छ ।

१५. कुल आन्तरिक कर्जाको वृद्धिदर आर्थिक वर्ष २०७३/७४ को लागि २५.० प्रतिशत प्रक्षेपण गरिएकोमा वार्षिक विन्दुगत आधारमा २०७३ पुसमा सोको विस्तार २४.० प्रतिशत रहेको छ ।

१६. कर्जा संरचनाको महत्वपूर्ण अंशको रुपमा रहने निजी क्षेत्रतर्फको कर्जा विस्तार आर्थिक वर्ष २०७३/७४ मा २०.० प्रतिशतले हुने प्रक्षेपण रहेकोमा वार्षिक विन्दुगत आधारमा २०७३ पुसमा ३०.९ प्रतिशत पुगेको छ ।

१७. समीक्षा अवधिमा नेपाली रुपैयाँ अमेरिकी डलरसँग १.७ प्रतिशतले अवमूल्यन भएको छ । अघिल्लो वर्षको सोही अवधिमा नेपाली रुपैयाँ अमेरिकी डलरसँग ५.१ प्रतिशतले अवमूल्यन भएको थियो ।

## उत्पादनशील क्षेत्र कर्जा

१८. समीक्षा अवधिमा यस बैंकले ४ प्रतिशत ब्याजदरमा उपलब्ध गराउँदै आएको साधारण पुनरकर्जा सुविधाको उपयोगमा उल्लेख्य वृद्धि भएको छ । चालु आर्थिक वर्षको ६ महिनामा रु. ४ अर्ब ९० करोडको साधारण तथा रु. ३७ करोडको निर्यात पुनरकर्जा गरी कुल रु. ५ अर्ब २७ करोडको पुनरकर्जा सुविधा उपयोग भएको छ । अघिल्लो वर्षको सोही अवधिमा कुल रु. १ अर्ब ८६ करोडको पुनरकर्जा सुविधा उपयोग भएको थियो ।

१९. २०७३ पुस मसान्तसम्म वाणिज्य बैंकहरुको लगानीमा रहेको कर्जामध्ये तोकिएका उत्पादनशील क्षेत्रमा रु. २५४ अर्ब १ करोड रहेको छ । यो रकम कुल कर्जाको १५.९ प्रतिशत हुन आउँछ । यसमध्ये कृषि क्षेत्रमा कुल कर्जाको ६.४ प्रतिशत (रु. १०२ अर्ब २५ करोड) र उर्जा क्षेत्रमा २.९ प्रतिशत (रु. ४५ अर्ब ४६ करोड) रहेको छ ।

२०. "क", "ख" तथा "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरुले विपन्न वर्गमा न्यूनतम् ५ प्रतिशत, ४.५ प्रतिशत र ४ प्रतिशत कर्जा प्रवाह गर्नुपर्ने व्यवस्था रहेकोमा २०७३ पुस मसान्तसम्म क्रमशः ५.६ प्रतिशत, ६.५ प्रतिशत र ४.६ प्रतिशत कर्जा प्रवाह गरेका छन् ।

२१. भूकम्प पीडितहरुलाई घर निर्माणका लागि २ प्रतिशतसम्मको ब्याजदरमा कर्जा उपलब्ध गराउने व्यवस्था अन्तर्गत २०७३ पुस मसान्तसम्म रु. २६ करोड ५७ लाख कर्जा प्रवाह भएको छ ।

## मौद्रिक उपकरण तथा तरलता व्यवस्थापन

२२. आर्थिक वर्ष २०७३/७४ को ६ महिनासम्ममा यस बैंकले रिपो बोलकबोलमार्फत् रु. १५ अर्ब ४० करोड तरलता प्रवाह गरेको छ । साथै, समीक्षा अवधिमा वाणिज्य बैंक तथा वित्तीय संस्थाहरुले रु. १३ अर्ब ९८ करोडको स्थायी तरलता सुविधा उपयोग गरेका छन् ।

२३. आर्थिक वर्ष २०७३/७४ को ६ महिनासम्मको अवधिमा यस बैंकले विदेशी विनिमय बजार (वाणिज्य बैंकहरू) बाट अमेरिकी डलर २ अर्ब ४ करोड खुद खरिद गरी रु. २१९ अर्ब ३५ करोड खुद तरलता प्रवाह गरेको छ । अघिल्लो वर्षको सोही अवधिमा विदेशी विनिमय बजारबाट अमेरिकी डलर २ अर्ब २३ करोड खुद खरिद भई रु. २३४ अर्ब १३ करोड खुद तरलता प्रवाह भएको थियो ।

२४. आर्थिक वर्ष २०७३/७४ को ६ महिनासम्ममा खुलाबजार कारोबारका विभिन्न उपकरणहरुमार्फत् पटक-पटक गरी रु. १०१ अर्ब १० करोड तरलता प्रशोचन गरिएको छ । यस अनुसार ब्याजदर करिडोर अन्तर्गतको चौध दिने निक्षेप बोलकबोलमार्फत् रु. २९ अर्ब ८० करोड, ९० दिने निक्षेप बोलकबोलमार्फत् रु. ७ अर्ब ५ करोड र रिभर्स रिपोमार्फत् रु. ६४ अर्ब २५ करोडको तरलता प्रशोचन भएको छ । अघिल्लो वर्षको सोही अवधिमा निक्षेप बोलकबोलमार्फत् रु. १९८ अर्ब ४० करोड, रिभर्स रिपोमार्फत् रु. ९७ अर्ब ३५ करोड तथा सोझै बिक्री बोलकबोलमार्फत् रु. ९ अर्ब १० करोड गरी रु. ३०४ अर्ब ८५ करोड तरलता प्रशोचन गरिएको थियो ।

२५. पछिल्लो समयमा देखिएको वित्तीय घर्षणलाई सम्बोधन गर्न यस बैंकले २०७३ पुस २२ गते यता नेपाल सरकार र राष्ट्र बैंकका ऋणपत्रहरुमा गरिने रिपो तथा सोझै खरिद बोलकबोल जस्ता खुला बजार कारोबारमार्फत् तरलता प्रवाह गर्दै आएको छ ।

२६. समीक्षा अवधिमा अमेरिकी डलर १ अर्ब ९८ करोड र यूरो ९ करोड ५० लाख बिक्री गरी रु. २२४ अर्ब ३० करोड बराबरको भा.रु. खरिद भएको छ । अघिल्लो वर्षको सोही अवधिमा अमेरिकी डलर १ अर्ब ३४ करोड बिक्री गरी रु. १४० अर्ब ९९ करोड बराबरको भा.रु. खरिद भएको थियो ।

२७. २०७२ पुसमा ९१-दिने ट्रेजरी विल्सको भारित औसत ब्याजदर ०.६८ प्रतिशत रहेकोमा २०७३ पुसमा १.७४ प्रतिशत कायम रहेको छ । त्यसैगरी, वाणिज्य बैंकहरुबीचको अन्तर-बैंक कारोबारको भारित औसत ब्याजदर २०७२ पुसमा ०.२६ प्रतिशत रहेकोमा २०७३ पुसमा २.७१ प्रतिशत रहेको छ । अन्य वित्तीय संस्थाहरुबीचको अन्तर-बैंक कारोबारको भारित औसत ब्याजदर २०७२ पुसमा १.२१ प्रतिशत रहेकोमा २०७३ पुसमा ५.५३ प्रतिशत रहेको छ ।

२८. आर्थिक वर्ष २०७३/७४ को ६ महिनासम्ममा वाणिज्य बैंकहरुले रु. ५९५ अर्ब ५९ करोड र अन्य वित्तीय संस्थाहरुले रु. १९७ अर्ब ९३ करोड गरी रु. ७९३ अर्ब ५२ करोडको अन्तर-बैंक कारोबार गरेका छन् । अघिल्लो वर्षको सोही अवधिमा वाणिज्य बैंकहरु र अन्य वित्तीय संस्थाहरुले क्रमशः रु. ४११ अर्ब र रु. ३४ अर्ब ७५ करोड गरी रु. ४४५ अर्ब ७५ करोडको यस्तो कारोबार गरेका थिए ।

## वित्तीय क्षेत्रको कानूनी, नियामकीय तथा पूर्वाधार सम्बन्धी सुधार

२९. समग्र वित्तीय क्षेत्रको दीर्घकालीन विकासका लागि यस बैंकको समन्वयमा तयार गरिएको वित्तीय क्षेत्र विकास रणनीति हालै मन्त्रिपरिषद्बाट स्वीकृत भएको छ । उक्त रणनीतिमा उल्लिखित कार्यक्रमहरु चरणवद्ध रुपमा कार्यान्वयन गर्ने प्रक्रिया अगाडि बढाइएको छ ।

३०. वित्तीय क्षेत्रसँग सम्बन्धित कानूनहरुलाई समयसापेक्ष परिमार्जन गर्ने क्रममा नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दोस्रो संशोधन जारी भएको छ । साथै, बैंक तथा वित्तीय संस्था सम्बन्धी नयाँ ऐन व्यवस्थापिका संसदबाट पारित भई जारी हुने क्रममा रहेको छ । त्यसैगरी, बैंकिङ्ग कसुर तथा सजाय ऐन, २०६४ को पहिलो संशोधन पारित भई कार्यान्वयनमा आएको छ । यो संशोधनले बैंकिङ्ग कसुरका विस्तृत क्षेत्र र हुन सक्ने कसुर रोक्ने किसिमले दण्ड जरिवानाको मात्रालाई परिमार्जन गरेको छ । वित्तीय क्षेत्रमा भईरहेको कानूनी सुधारले सुशासन तथा वित्तीय फरफारक सम्बन्धी कार्य प्रभावकारी हुने एवम् यस क्षेत्रको विकासमा थप टेवा पुग्ने विश्वास गरिएको छ ।

३१. निक्षेप तथा कर्जा सुरक्षण कोषको स्थापना र संचालन सम्बन्धी ऐन, २०७३ ले निक्षेप र कर्जा सुरक्षणका क्षेत्रमा सुदृढ संस्थागत आधार तयार पारेको छ भने कर्मचारी संचय कोष ऐन, २०१९ मा भएको संशोधनले संचय कोषको लगानी तथा सदस्यता सम्बन्धी व्यवस्थालाई विस्तार गरी वित्तीय साधन परिचालनको दायरा फराकिलो बनाएको छ ।

३२. बैंक तथा वित्तीय संस्था सम्बन्धी नयाँ ऐन पारित भएपश्चात् राष्ट्रिय स्तरको पूर्वाधार बैंक स्थापनाको लागि आवश्यक पर्ने नीतिगत व्यवस्था सम्बन्धी कार्य अगाडि बढाउन बाटो खुलेको छ ।

३३. भुक्तानी प्रणालीलाई आधुनिकीकरण गर्ने क्रममा Real Time Gross Settlement (RTGS), Central Securities Depository तथा National Payment Switch/Gateway को अध्ययन गरी कार्यान्वयन मार्गचित्र प्रस्ताव गर्न एक कार्यदल गठन भएको छ ।

३४. सम्पत्ति शुद्धिकरण निवारण कार्यलाई प्रभावकारी बनाउन अत्याधुनिक goAML सफ्टवेयर निर्माण भई परीक्षणको क्रममा रहेको छ ।

३५. वाणिज्य बैंकहरुमा बासेल-३ मा आधारित न्यूनतम् कमन इक्विटि टियर १ पूँजी अनुपात ४.५ प्रतिशत कायम हुनु पर्ने, कुल जोखिम भारित सम्पत्तिको २.५ प्रतिशत पूँजी क्यापिटल कन्जरभेसन बफर कायम गर्नुपर्ने एवम् त्रैमासिक रुपमा लिभरेज अनुपात ४ प्रतिशत कायम गर्नुपर्ने व्यवस्था कार्यान्वयनमा ल्याइएको छ भने कुल जोखिम भारित सम्पत्तिको अधिकतम् २.५ प्रतिशत काउन्टर साइक्लिकल बफर कायम गर्नुपर्ने व्यवस्था २०७४ असार मसान्तभित्र कार्यान्वयनमा ल्याइनेछ ।

३६. राष्ट्रिय स्तरका विकास बैंकहरुमा बासेल-२ अनुसारको पूँजी गणना विधि पूर्ण रुपमा तथा राष्ट्रिय स्तरका वित्त कम्पनीहरुमा समानान्तर रुपमा बासेल-२ अनुसारको पूँजी गणना गर्न नीतिगत व्यवस्था गरिएको छ ।

३७. वित्तीय क्षेत्रको सुदृढीकरण गर्ने उपायको रुपमा बैंक तथा वित्तीय संस्थाहरुलाई गाभ्न, गाभिन तथा प्राप्ति गर्न प्रोत्साहित गर्ने नीतिलाई निरन्तरता दिइएको छ । बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने सम्बन्धी विनियमावली जारी भएपश्चात् २०७३ पुस मसान्तसम्ममा १३० वटा बैंक तथा वित्तीय संस्थाहरु एक आपसमा गाभिएर ८८ वटा संस्थाहरु खारेज भई ४२ वटा संस्था कायम रहेका छन् । त्यसैगरी, नेपाल सरकार, मन्त्रिपरिषद्बाट हालै सरकारी स्वामित्वमा रहेका दुईवटा संस्थाहरु राष्ट्रिय वाणिज्य बैंक र एनआइडिसि विकास बैंक लिमिटेड एक आपसमा गाभ्ने निर्णय भएको छ ।

३८. बैंक तथा वित्तीय संस्थाहरुले संस्थागत सामाजिक उत्तरदायित्व तथा कर्मचारीको क्षमता विकासमा गर्नुपर्ने खर्चका सम्बन्धमा आवश्यक निर्देशन जारी गरिएको छ ।

३९. यस बैंकले समस्याग्रस्त घोषणा गरेको १६ वटा बैंक तथा वित्तीय संस्थाहरुको रिजोलुशन कार्य अगाडि बढाएकोमा यस्ता संस्थाहरुको संख्या हाल ९ मा झरेको छ । रिजोलुशन कार्य अगाडि बढाइएका ७ वटा मध्ये अरुण फाइनान्स लिमिटेड र जनरल फाइनान्स लिमिटेड समस्याग्रस्तबाट मुक्त भई नियमित रुपमा वित्तीय कारोबार गरिरहेका छन् । हाल समस्याग्रस्त रुपमा रहेका ९ वटा मध्ये ४ वटा संस्थाहरुको शेयर स्वामित्व हस्तान्तरणको प्रक्रियामा रहेको छ । शेयर स्वामित्व हस्तान्तरण पछि राष्ट्र बैंकले तोकेका मापदण्डहरु पूरा गरेका अवस्थामा यी चारवटा संस्थाहरु समस्याग्रस्तबाट मुक्त भई नियमित रुपमा कारोबार गर्न सक्ने छन् ।

## लघुवित्त तथा वित्तीय पहुँच

४०. लघुवित्त संस्थाहरुले आफ्नो कोषको लागतमा प्रशासनिक खर्च ४ प्रतिशतसम्म जोड्न पाउने र तत्पश्चात् ७ प्रतिशत विन्दुसम्म थप गरी कर्जाको ब्याजदर तोक्न सक्ने व्यवस्था लागू गरिएको छ । तर यसरी तय हुने कर्जाको ब्याजदर १८ प्रतिशतभन्दा बढी हुन नहुने व्यवस्था गरिएको छ ।

४१. राष्ट्रिय स्तरको थोक कर्जा प्रदान गर्ने लघुवित्त संस्थाहरुको न्यूनतम् चुक्ता पूँजी रु. ६० करोड कायम गर्नुपर्ने व्यवस्था लागू गरी यसको अनुगमन भइरहेको छ । साथै, लघुवित्त संस्थाहरुबाट प्रवाह हुने कर्जा सीमामा वृद्धि गरी सो अनुरुप कर्जा प्रवाह भइरहेको छ ।

४२. सर्वसाधारणलाई वित्तीय सेवाको उपयोग गर्नका लागि प्रोत्साहन गर्ने, वित्तीय सेवाका ग्राहकहरुको हित संरक्षण गर्ने तथा वित्तीय समावेशीकरण बढाउने उद्देश्यले वित्तीय साक्षरता नीतिको मस्यौदा तयारी गरी स्वीकृतिका लागि नेपाल सरकार समक्ष पेश गरिएको छ ।

## विदेशी विनिमय व्यवस्थापन

४३. सुन आयात सम्बन्धी व्यवस्थालाई थप सहज तथा प्रभावकारी बनाउन “सुन आयात तथा बिक्री वितरण कार्यविधि, २०६८” मा संशोधन गरी १०० ग्राम, २०० ग्राम, ५०० ग्राम तथा १ किलोग्राम परिमाणका सुन आयात गर्न सकिने व्यवस्था कार्यान्वयनमा ल्याइएको छ । त्यसैगरी, दैनिक १५ किलोग्रामसम्म सुन आयात गर्न सकिने सीमामा वृद्धि गरी २०७३ फागुन मसान्तसम्म दैनिक २५ किलोग्रामसम्म र तत्पश्चात् दैनिक २० किलोग्रामसम्म आयात गर्न सकिने व्यवस्था मिलाइएको छ ।

४४. भारत बाहेक तेस्रो मुलुकहरुबाट ड्राफ्ट-टी.टी.को माध्यमबाट वस्तु आयात गर्दा एक पटकमा बढीमा अमेरिकी डलर ४० हजार बराबरसम्मको परिवर्त्य विदेशी मुद्रा भुक्तानी दिन पाइने व्यवस्था रहेकोमा सो सीमा वृद्धि गरी अमेरिकी डलर ५० हजार कायम गरिएको छ ।

४५. भारतबाट परिवर्त्य विदेशी मुद्रा भुक्तानी हुने गरी सफ्टवेयर खरिद गर्नुपरेमा हाल एकपटकमा बढीमा अमेरिकी डलर १० हजार सीमा रहेकोमा यसलाई वृद्धि गरी अमेरिकी डलर १५ हजारसम्मको सफ्टवेयर एल.सी.मार्फत् आयात गर्न पाउने व्यवस्था गरिएको छ ।

४६. परिवर्त्य विदेशी मुद्रामा खाता हुने नेपालीले आफ्नो खाताबाट वस्तु तथा सेवा खरिद गर्ने प्रयोजनका लागि वार्षिक अमेरिकी डलर १५ हजारसम्म भुक्तानी दिनसक्ने व्यवस्था गरिएको छ ।

४७. परिवर्त्य विदेशी मुद्राको मागलाई दृष्टिगत गरी खरिद दर मात्र उल्लेख हुँदै आएका विदेशी मुद्राहरु स्वीडिस क्रोनर, डेनिस क्रोनर, हङकङ डलर, कुवेती दिनार र बहराइन दिनारको खरिददर र बिक्रीदर दुबै तोकी बिक्री गर्ने व्यवस्था गरिएको छ ।

४८. श्रम स्वीकृति लिई कार्य गरिरहेका विदेशी नागरिकहरुले परिवर्त्य विदेशी मुद्रामा तेस्रो मुलुकमा पारिश्रमिक पठाउनु पर्दा तोकिए बमोजिमको कागजात लिई तोकिए बमोजिमको रकम बैंक तथा वित्तीय संस्थाहरुबाट सोझै भुक्तानी गर्ने व्यवस्था गरिएको छ ।

## अन्तर्राष्ट्रिय आर्थिक परिदृश्य

४९. अन्तर्राष्ट्रिय मुद्रा कोषले विश्व अर्थतन्त्र सन् २०१६ को ३.१ प्रतिशतको तुलनामा सन् २०१७ मा ३.४ प्रतिशतले विस्तार हुने प्रक्षेपण गरेको छ । विकसित मुलुकहरुको अर्थतन्त्र सन् २०१६ को १.६ प्रतिशतको तुलनामा सन् २०१७ मा १.९ प्रतिशतले वृद्धि हुने प्रक्षेपण छ ।

५०. उदीयमान तथा विकासशील मुलुकहरुको अर्थतन्त्र सन् २०१६ मा ४.१ प्रतिशत र सन् २०१७ मा ४.५ प्रतिशतले बढ्ने कोषको प्रक्षेपण रहेको छ । चीनको अर्थतन्त्र सन् २०१६ को ६.७ प्रतिशतको तुलनामा सन् २०१७ मा ६.५ प्रतिशतले विस्तार हुने प्रक्षेपण छ । त्यसैगरी, भारतको अर्थतन्त्र सन् २०१६ को ६.६ प्रतिशतको तुलनामा सन् २०१७ मा ७.२ प्रतिशतले विस्तार हुने प्रक्षेपण छ ।

५१. केही समययता अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियम पदार्थ, धातु लगायतका वस्तुहरुको मूल्य बढ्ने क्रम शुरु भएको छ । सन् २००८ पश्चात् पहिलो पटक तेल उत्पादन कटौती गर्ने ओपेकको निर्णयले पेट्रोलियम पदार्थको मूल्यमा थप दबाब सृजना हुन सक्ने देखिन्छ । अन्तर्राष्ट्रिय मुद्रा कोषले पेट्रोलियम पदार्थको मूल्य सन् २०१६ मा १५.९ प्रतिशतले घटेको तुलनामा सन् २०१७ मा १९.९ प्रतिशतले बढ्ने प्रक्षेपण गरेको छ । त्यसैगरी, पेट्रोल बाहेक अन्य वस्तुहरुको मूल्य समेत २०१७ मा २.१ प्रतिशतले बढ्ने प्रक्षेपण छ । सन् २०१६ मा अन्य वस्तुहरुको मूल्यमा २.७ प्रतिशतले गिरावट आएको थियो ।

५२. विकसित मुलुकका केन्द्रीय बैंकहरुको मौद्रिक नीतिको कार्यदिशा मिश्रित देखिएको छ । अमेरिकी फेडरल रिजर्भले सन् २०१६ डिसेम्बरमा फेडरल फण्डको टार्गेट रेन्जलाई ०.२५ प्रतिशत विन्दुले वृद्धिगरी ०.५ प्रतिशत देखि ०.७५ प्रतिशत कायम गरेको छ । सन् २००८ को वित्तीय संकट पछि फेडरल रिजर्भले ब्याजदर बढाएको यो दोस्रो पटक हो । यस अघि डिसेम्बर २०१५ मा यो दरलाई ०.२५ प्रतिशत विन्दुले बढाइएको थियो । बैंक अफ जापानले मौद्रिक सहजता र ऋणात्मक ब्याजदर नीतिलाई थप प्रभावकारी बनाउन प्रतिफल रेखा नियन्त्रणको नीति अबलम्वन गरेको छ । त्यसैगरी, चीनले लचिलो मौद्रिक नीतिको कार्यदिशालाई निरन्तरता दिँदै आएको छ भने भारतले लचिलोबाट तटस्थमा परिवर्तन गरेको छ ।

## आर्थिक तथा मौद्रिक परिदृश्य

५३. चालु आर्थिक वर्षको ६ महिनासम्म समग्र आर्थिक गतिविधि सुधारोन्मुख देखिएको छ । मौसमी अनुकूलताका साथै कृषि सामग्रीको सहज आपूर्तिका कारण कृषि क्षेत्रको वृद्धिदर उच्च रहने अनुमान छ । विद्युत आपूर्तिमा भएको सुधार, पुनर्निर्माण कार्यमा तीब्रता ल्याउन भइरहेका प्रयास र पर्यटक आगमनमा वृद्धिका कारण गैर-कृषि क्षेत्रको विस्तार समेत उच्च रहने अनुमान छ । यसै परिप्रेक्ष्यमा अन्तर्राष्ट्रिय मुद्राकोषको हालै सम्पन्न आर्टिकल फोर कन्सल्टेसन मिसनले जारी गरेको प्रेस विज्ञप्तिमा आर्थिक वर्ष २०७३/७४ मा नेपालको आर्थिक वृद्धिदर ५.५ प्रतिशत रहने प्रक्षेपण गरेको छ ।

५४. चालु आर्थिक वर्षको शुरुदेखि नै मुद्रास्फीतिमा दबाब कम हुँदै आएको छ । आपूर्ति सहजता, कृषि उत्पादन वृद्धि एवम् छिमेकी मुलुकमा समेत न्यून मुद्रास्फीति रहेका कारण आर्थिक वर्ष २०७३/७४ मा मुद्रास्फीति दर लक्षित सीमा भित्र रहने अनुमान छ ।

५५. आयात व्यापारमा विस्तार र विप्रेषण आप्रवाहमा न्यून वृद्धिका कारण समग्र शोधनान्तर बचत अघिल्लो वर्षको रु. १३९ अर्ब ७५ करोडबाट आर्थिक वर्ष २०७३/७४ को ६ महिनामा रु.४५ अर्ब २ करोड रहेको छ । पुनर्निर्माण कार्यमा हुने तीब्रता र सरकारी पूँजीगत खर्चमा हुने वृद्धिले शोधनान्तर स्थितिमा केही दवाव पर्ने सक्ने सम्भावना देखिन्छ ।

५६. आर्थिक वर्ष २०७३/७४ को मौद्रिक नीतिले विस्तृत मुद्राप्रदायको विस्तारलाई १७ प्रतिशतमा सीमित राख्ने लक्ष्य राखेको थियो । आर्थिक वृद्धि तथा मुद्रास्फीतिको संशोधित लक्ष्यको आधारमा चालु आर्थिक वर्षमा विस्तृत मुद्राप्रदायको वृद्धिदर १७.९ प्रतिशत रहने देखिन्छ ।

५७. आर्थिक वर्ष २०७३/७४ को मौद्रिक नीतिमा उल्लेख भए अनुसार कुल आन्तरिक कर्जाको वृद्धिदर २५ प्रतिशत र निजी क्षेत्रतर्फ प्रवाहित कर्जाको वृद्धिदर २० प्रतिशतमा रहने अनुमान यथावत् छ ।

## मौद्रिक नीतिको कार्यदिशा

५८. चालु आर्थिक वर्षको ६ महिनाको अवधिमा मुद्रास्फीति दरमा आएको कमीले मौद्रिक स्पेशको स्थिति देखिएतापनि निजी क्षेत्रमा जाने बैंक कर्जा वृद्धि उल्लेख्य रहेकोले मौद्रिक नीति वित्तीय क्षेत्र स्थायित्व कायम गर्न केन्द्रित गर्नुपर्ने अवस्था छ । । वित्तीय क्षेत्रमा देखिएको घर्षणलाई सम्बोधन हुने गरी मौद्रिक नीतिको कार्यदिशा समय समयमा समायोजन गर्नुपर्ने देखिन्छ ।

५९. चालु आर्थिक वर्षको ६ महिनामा बैंक तथा वित्तीय संस्थाहरुले निक्षेप परिचालन र कर्जा लगानी बीच सन्तुलन मिलाउन नसकेका कारण लगानीयोग्य कोष (Loanable Fund) मा चाप परेको अवस्था छ । यसका साथै, विप्रेषण आप्रवाहको वृद्धिदरमा केही कमी आएको, सरकारको पूँजीगत खर्च अपेक्षित रुपमा बढ्न नसकेको तथा आयात समेत उच्च दरले बढेका कारण बैंकिङ्ग क्षेत्रको लगानीयोग्य कोषमा चाप परेको हो । तोकिएको कर्जा-निक्षेप अनुपात कायम गर्दै कर्जा प्रवाह गर्न बैंक तथा वित्तीय संस्थाहरुले थप निक्षेप परिचालनमा जोड दिनुपर्ने देखिएको छ ।

६०. बैंकिङ्ग क्षेत्रमा विद्यमान तरलता एवम् लगानीयोग्य कोषको स्थिति लगायत क्षेत्रगत कर्जा प्रवाहको पछिल्लो अवस्थालाई यस बैंकले सूक्ष्म रुपमा अनुगमन गरिरहेको छ । बैंक तथा वित्तीय संस्थाहरुको साधन परिचालनको पछिल्लो प्रवृतिलाई हेर्दा समष्टिगत विवेकशील नियमनका थप उपायहरु अवलम्बन गरी वित्तीय स्थायित्व सुनिश्चित गर्नुपर्ने देखिएको छ ।

६१. कर्जा विस्तारबाट आर्थिक वृद्धिमा सघाउ पुग्ने देखिएतापनि यसलाई समग्र कर्जा विस्तारको आधारमा मात्र नभई त्यसको क्षेत्रगत बाँडफाँड समेतलाई ध्यानमा राखी विश्लेषण गर्नुपर्ने हुन्छ । पछिल्लो समयमा ओभरड्राफ्ट, रियल स्टेट, हायर पर्चेज तथा शेयरको धितोमा प्रवाह भएको कर्जा समेत बढ्दै गएकोले यसबाट उत्पादनशील क्षेत्रमा आवश्यक वित्तीय स्रोतको कमी नहोस् भन्नेतर्फ सजग रहनुपर्ने देखिएको छ । वित्तीय स्रोत व्यवस्थापन गर्दा तरलता, ब्याजदर लगायत मुनाफाको विद्यमान अवस्थाका अतिरिक्त समग्र अर्थतन्त्रको परिदृश्य एवम् मुलुकले अवलम्बन गरेका आर्थिक नीतिहरुलाई समेत आधारका रुपमा लिनुपर्ने देखिएको छ ।

६२. यसका अतिरिक्त सन्तुलित वित्तीय विकास, संस्थागत सुदृढीकरण, वित्तीय ग्राहकको हित संरक्षण, संस्थागत सुशासन एवम् उत्पादनशील क्षेत्रतर्फको लगानी प्रबर्द्धन गर्नेतर्फ मौद्रिक नीतिको अर्द्ध-वार्षिक समीक्षा अभिमुख रहेको छ ।

## मौद्रिक उपायहरु

६३. यस बैंकले भूकम्प पीडितहरुको आवास निर्माणको लागि व्यवस्था गरेको २ प्रतिशत ब्याजदरको कर्जाका लागि बैंक तथा वित्तीय संस्थाहरुलाई शून्य प्रतिशतमा दिई रहेको पुनरकर्जा सुविधा यथावत् कायम गरेको छ ।

६४. २०७३ असारमा जारी गरिएका भुक्तानी हुन बाँकी रु. ४५ अर्ब ३० करोड बराबरका नेपाल राष्ट्र बैंक ऋणपत्रहरु शून्य ब्याजदरमा सोझै खरिद गर्न यस बैंकले आह्वान गर्नेछ । यस बैंकमा रहेको खुला बजार कारोबार समितिले पटक पटक गरी २०७३ फागुन मसान्त भित्र बैंक तथा वित्तीय संस्थाहरुलाई आफुसँग रहेको नेपाल राष्ट्र बैंक ऋणपत्र बिक्री गर्न आह्वान गर्नेछ ।

६५. तरलताको अवस्था हेरी विभिन्न अवधिको रिपो/रिभर्स रिपो तथा सोझै खरिद/बिक्री जस्ता खुलाबजार कारोबारलाई निरन्तरता दिइनेछ ।

६६. विद्यमान बैंक दर, अनिवार्य नगद अनुपात, वैधानिक तरलता अनुपात तथा पुनरकर्जा दरहरुलाई यथावत कायम गरिएको छ ।

## वित्तीय उपायहरु

६७. बैंक तथा वित्तीय संस्थाहरुले प्रदान गर्दै आएको ओभरड्राफ्ट लगायतका रिभल्बिङ प्रकृतिका व्यक्तिगत कर्जा सुविधाको सीमा रु. १ करोडबाट हाल रु. ७५ लाख कायम गर्नुपर्ने व्यवस्था गरिनेछ । हाल उपयोग गरिरहेका त्यस्ता कर्जाका हकमा २०७४ असार मसान्तभित्र उक्त सीमामा ल्याईसक्नु पर्नेछ ।

६८. बैंक तथा वित्तीय संस्थाहरुले रु. १ अर्ब वा सो भन्दा बढी रकमको बहु-बैंकिङ्ग कर्जा उपभोग गर्ने/गरिरहेका ऋणीहरुको कर्जा सहवित्तीयकरण कर्जामा परिणत गर्नुपर्ने व्यवस्थाको पालना नभएमा त्यस्तो कर्जालाई २०७४ असार मसान्तमा सूक्ष्म निगरानी वर्गमा वर्गीकरण गरी सोही बमोजिमको कर्जा नोक्सानी व्यवस्था गर्नुपर्ने छ ।

६९. माग तथा अल्प सूचनामा आधारित निक्षेप (Call Deposit) लाई पारदर्शी र यथार्थपरक बनाउन हाल बैंक तथा वित्तीय संस्थाहरुले व्यक्तिगत तथा संस्थागत दुबै किसिमको निक्षेप संकलन गर्ने गरेकोमा माग तथा अल्प सूचनामा आधारित निक्षेप (Call Deposit) मा साधारण बचत खातामा प्रदान गरिने भन्दा बढी ब्याज प्रदान गर्न नपाइने व्यवस्था मिलाइनेछ ।

७०. कुनै पनि ऋणीले पेश गरेको वित्तीय विवरणहरु एकभन्दा बढी पाइएमा त्यस्तो कार्यलाई कसूर मानिने भनी हालै भएको बैंकिग कसूर सम्बन्धी ऐन, २०६४ को संशोधनमा समेत व्यवस्था रहेकोले त्यस्तो

कर्जालाई खराब कर्जामा वर्गीकरण गरी शत प्रतिशत कर्जा नोक्सानी व्यवस्था गर्ने र तत्काल कर्जा असुलीको प्रकृया अगाडि बढाउनु पर्ने व्यवस्था कायम गरिनेछ ।

७१. निजी प्रयोजनका सवारी साधनमा ऋण प्रवाह गर्दा सो सवारीको मूल्याङ्कनको अधिकतम ५० प्रतिशतसम्म मात्र बैंकले लगानी गर्न सक्ने व्यवस्था गरिएको छ । तर सार्वजनिक, निर्माण कार्य तथा सेवाका लागि प्रयोग हुने सवारी साधनको हकमा सो सीमा लागू हुने छैन ।

७२. हायर पर्चेज कर्जा दिने कम्पनीलाई स्वीकृति दिने सम्बन्धी विद्यमान व्यवस्थामा पुनरावलोकन गरी यस्ता कम्पनीहरुको सुपरिवेक्षण समेत गरिने व्यवस्था मिलाइने छ ।

७३. उत्पादनशील क्षेत्रतर्फको कर्जा प्रवाहलाई प्रोत्साहन गर्ने उद्देश्यले वाणिज्य बैंकहरुबाट विपन्न वर्गमा प्रत्यक्ष रुपमा प्रवाह हुने २ प्रतिशतसम्मको कर्जा, "युवाहरुलाई व्यावसायिक कृषि कर्जामा प्रदान गरिने ब्याज अनुदान सम्बन्धी कार्यविधि, २०७१" बमोजिम प्रवाह हुने थप कर्जा तथा उत्पादनशील क्षेत्रतर्फ प्रवाह हुने कर्जाको ५० प्रतिशतसम्मको रकमलाई २०७४ असार मसान्तसम्म विद्यमान ८० प्रतिशतको कर्जा-निक्षेप (प्राथमिक पूँजी सहित) अनुपात गणना गर्दा घटाउन पाउने व्यवस्था गरिनेछ ।

७४. व्यावसायिक कृषि परियोजनाको धितोमा प्रवाहित रु. १० लाखसम्मको कर्जा विपन्न वर्ग कर्जामा गणना गरिने व्यवस्था रहेकोमा साना तथा लघु व्यवसायहरुलाई चल/अचल सम्पत्ति धितो लिई वा उद्यम/परियोजना धितो लिई बैंक तथा वित्तीय संस्थाहरुबाट प्रवाह हुने रु. १० लाखसम्मको कर्जालाई पनि विपन्न वर्गमा गणना हुने व्यवस्था गरिनेछ ।

७५. भौतिक सम्पत्ति धितोको अभावमा साना तथा लघु व्यवसाय क्षेत्रमा पर्याप्त कर्जा प्रवाह हुन नसकिरहेको सन्दर्भमा यस क्षेत्रमा पर्याप्त कर्जा प्रवाह सुनिश्चित गर्न साना तथा मझौला व्यवसाय डेस्कलाई प्रभावकारी बनाइनुका साथै यस क्षेत्रमा प्रवाहित कर्जाको सुरक्षण व्यवस्था मिलाउन नेपाल सरकार, अर्थ मन्त्रालय र उद्योग मन्त्रालयसँग आवश्यक समन्वय गरी एउटा छुट्टै संस्थागत संरचना निर्माण गर्न आवश्यक पहल गरिनेछ ।

७६. वित्तीय पहुँच विस्तार, गरिबी न्यूनीकरण तथा सामाजिक उत्थानमा योगदान पुऱ्याउन हेतु स्थापना हुने गरेका लघु वित्त संस्थाहरु विगत केही समययता बढी नाफा कमाउने उद्देश्य लिई इजाजतका लागि आवेदन हाल्ने होडबाजी चलेको देखिन्छ । यस तथ्यलाई ध्यानमा राखी लघुवित्त संस्थाको स्थापनाका लागि यस बैंकमा हालसम्म प्राप्त भएका निवेदन उपर निम्नानुसारको नीतिगत व्यवस्था गरिएको छ ।

(क) यस बैंकबाट वित्तीय कारोबार गर्न सैद्धान्तिक सहमति प्राप्त गरेका र Fit and Proper Test सम्पन्न भई अन्तरक्रिया सम्पन्न भइसकेका निवेदनको हकमा थप कारबाही अगाडि बढाउने ।

(ख) "घ" वर्गको संस्थामा परिणत हुन आवेदन प्राप्त भएका २५ वटा वित्तीय मध्यस्थताको कार्य गर्ने गैर-सरकारी संस्थाहरुको हकमा कानूनी तथा प्रशासनिक जटिलताको उपयुक्त निकासपश्चात् थप कारबाही अगाडि बढाउने ।

(ग) अन्य आवेदनका सम्बन्धमा अध्ययन गरी आवश्यक कार्य अगाडि बढाइने ।

७७. वाणिज्य बैंकहरुले विपन्न वर्गतर्फको प्रत्यक्ष लगानी अन्तर्गत न्यूनतम् २ प्रतिशत कर्जा लगानी गर्नुपर्ने विद्यमान व्यवस्थामा पुनरावलोकन गरी यस्ता कर्जाको गणना एवम् हर्जाना लगाउने व्यवस्था २०७५ असार मसान्तदेखि गरिने व्यवस्था मिलाइनेछ ।

७८. विदेशबाट सामान आयात गर्ने व्यापारिक फर्म/कम्पनीले प्रतीतपत्रमार्फत् आयात हुने सामानको लागि प्रचलित व्यवस्था बमोजिम परिवर्त्य विदशी मुद्रा भुक्तानी गर्नुपर्ने रकमसम्मको लागि बढीमा ९० दिनसम्म सम्बन्धित बैंकसँग विदेशी मुद्रामा Loan Book गर्न पाउने व्यवस्था गरिएको छ । त्यस्तो ऋण २०७४ वैशाख मसान्तसम्म मात्र प्रवाह गर्न पाइनेछ ।

७९. ट्रष्ट रिसिप्ट कर्जा (TR Loan), विल्स, डिस्काउण्टिङ्ग वा त्यस्तै प्रकृतिका आयात कर्जा प्रदान गर्दा अधिकतम् १२० दिनसम्मको विद्यमान अवधिलाई २०७४ असार मसान्तसम्मका लागि १५० दिन कायम गरिएको छ ।

**अन्त्यमा,**

८०. मौद्रिक नीतिको यस अर्द्ध-वार्षिक समीक्षामा गरिएका व्यवस्थाबाट आर्थिक गतिविधिहरु विस्तारमा सहयोग मिल्ने र वित्तीय क्षेत्रको स्थायित्व कायम गर्न मद्दत मिल्ने विश्वास लिइएको छ ।

८१. आर्थिक वर्ष २०७३/७४ को मौद्रिक नीतिमा उल्लिखित नीति तथा कार्यक्रमहरुको ६ महिनासम्मको प्रगति विवरण यसै समीक्षाको अनुसूचीमा समावेश गरिएको छ ।

८२. मौद्रिक नीतिको कार्यान्वयनमा सहयोग पुर्‍याउनु हुने सबै सरोकारवालाहरुलाई धन्यबाद ज्ञापन गर्दै यस मौद्रिक नीतिको अर्द्ध-वार्षिक समीक्षामा प्रस्ताव गरिएका नीतिगत व्यवस्थाको कार्यान्वयनमा सबैको सहयोग प्राप्त हुने अपेक्षा गरिएको छ ।

♦

## अनुसूची १

## आर्थिक वर्ष २०७३/७४ को मौद्रिक नीतिको लक्ष्य तथा कार्यक्रमहरुको अर्ध-वार्षिक प्रगति विवरण

| क्र.सं. | बुँदा नं. | लक्ष्य/कार्यक्रम | कार्यान्वयन स्थिति |
|---|---|---|---|
| १. | ५५ | आर्थिक वर्ष २०७३/७४ को बजेटमा उल्लेख भए बमोजिम उपभोक्ता मुद्रास्फीति दरलाई ७.५ प्रतिशतको सीमाभित्र राखिने । | आर्थिक वर्ष २०७३/७४ को ६ महिनामा औसत मुद्रास्फीति दर ५.८ प्रतिशत कायम रहेको । |
| २. | ५६ | कम्तिमा ८ महिनाको वस्तु तथा सेवाको आयात धान्न पर्याप्त हुने विदेशी विनिमय सञ्चिति कायम गर्ने । | २०७३ पुस मसान्तमा विदेशी विनिमय सञ्चिति रु. १०८८ अर्ब ८५ करोड कायम रहेको । चालु आर्थिक वर्षको ६ महिनासम्मको आयातलाई आधार मान्दा उक्त सञ्चिति १४.३ महिनाको वस्तु आयात र १२.४ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहेको । |
| ३. | ५७ | नेपाल सरकारको बजेट वक्तव्यमा उल्लिखित ६.५ प्रतिशतको आर्थिक वृद्धि हासिल गर्न सहयोग पुग्ने गरी आवश्यक तरलताको व्यवस्थापन गरिने । | आवश्यकता अनुसार तरलता व्यवस्थापन गर्ने गरिएको । |
| ४. | ५९ | विस्तृत मुद्राप्रदायको वृद्धिदरलाई १७ प्रतिशतमा सीमित गरिने । | वार्षिक विन्दुगत आधारमा २०७३ पुस मसान्तमा विस्तृत मुद्राप्रदायको वृद्धिदर १८.५ प्रतिशत रहेको । |
| ५. | ६० | आन्तरिक कर्जा विस्तार लक्ष्य २५ प्रतिशत कायम गरिएको । | वार्षिक विन्दुगत आधारमा २०७३ पुस मसान्तमा कुल आन्तरिक कर्जाको वृद्धिदर २४ प्रतिशत रहेको । |
| ६. | ६१ | निजी क्षेत्रतर्फको कर्जा २० प्रतिशतले बढ्ने । | वार्षिक विन्दुगत आधारमा २०७३ पुस मसान्तमा निजी क्षेत्रतर्फको कर्जाको वृद्धिदर ३०.९ प्रतिशत रहेको । |
| ७. | ६४ | दुई हप्ता अवधिको बजारमा आधारित पूर्व निर्धारित रिपो रेटलाई नीतिगत दरको रुपमा लिइने । | दुई हप्ता अवधिको रिपो र निक्षेप संकलन सम्बन्धी कार्यविधि मिति २०७३/४/२३ देखि कार्यान्वयनमा ल्याइएको । समीक्षा अवधिमा ४ पटक गरी रु. ३८ अर्बको दुई हप्ता अवधिको रिपो बोलकबोल गर्दा रिपोको ब्याजदर अधिकतम ५.५८८७ प्रतिशत र न्यूनतम ३.७२२३ प्रतिशत कायम रहेको । |
| ८. | ६४ | खुला बजार कारोबार सञ्चालन समितिले दुई कार्य दिन अगाडिको भारित औसत अन्तरबैंक दरमा २०० बेसिस प्वाइन्ट थपी रिपो रेट निर्धारण गर्ने र सो दरमा तोकिएका काउण्टरपार्टीहरुलाई घोषित रकममा बोलकबोल गर्ने र आवश्यक परे समानुपातिक ढंगले रिपो बोलकबोलको | दुई हप्ता अवधिको रिपो र निक्षेप संकलन सम्बन्धी कार्यविधि मिति २०७३/४/२३ देखि कार्यान्वयनमा ल्याइएको । समीक्षा अवधिमा ४ पटक गरी रु. ३८ अर्बको रिपो बोलकबोल आह्वान गरिएकोमा जम्मा रु. ५ अर्ब ४० करोडको मात्र बोलकबोल परेको र सोही अनुरुप बाँडफाँड गरिएको । |

| क्र.सं. | बुँदा नं. | लक्ष्य/कार्यक्रम | कार्यान्वयन स्थिति |
|---|---|---|---|
| | | बाँडफाँड गरिने । | |
| ९. | ६४ | खुला बजार कारोबार सञ्चालन समितिले रिपो रेट निर्धारण गर्दा आवश्यक पर्ने भारित औसत अन्तरबैंक दर गणना गर्ने । | स्वीकृत कार्यविधि अनुसार भारित औसत अन्तरबैंक दरका आधारमा रिपो रेट निर्धारण गर्ने गरिएको । |
| १०. | ६५ | बजारमा आधारित पूर्व निर्धारित ब्याजदरमा दुईहप्ते निक्षेप संकलन बोलकबोलमार्फत् तरलता प्रशोचन गर्ने । | समीक्षा अवधिमा १४ दिने निक्षेप संकलन बोलकबोलमार्फत् ६ पटकमा कुल रु. २९ अर्ब ८० करोड तरलता प्रशोचन गरिएको । |
| ११. | ६५ | खुला बजार कारोबार सञ्चालन समितिले दुई कार्य दिन अगाडिको भारित औसत अन्तरबैंक दरमा १० आधार विन्दु (बेसिस प्वाइन्ट) ले घटाई निक्षेप संकलन दर निर्धारण गर्ने तथा काउण्टरपार्टीहरुलाई रकममा बोलकबोल गर्न आह्वान गरिने । बोलकबोलको बाँडफाँड आवश्यक परे समानुपातिक विधिमार्फत् गरिने । | अन्तरबैंक ब्याजदरको आधारमा निक्षेप संकलन बोलकबोलको ब्याजदर निर्धारण गरिएको । समीक्षा अवधिमा ६ पटक १४ दिने निक्षेप संकलन बोलकबोल गरी जम्मा रु. २९ अर्ब ८० करोडको तरलता प्रशोचन गर्दा निक्षेप संकलनको ब्याजदर अधिकतम २.१९८२ प्रतिशत र न्यूनतम ०.२४८७ कायम भएको । |
| १२. | ६६ | मौद्रिक नीतिका उद्देश्य र तरलता अनुगमन तथा प्रक्षेपण संरचनाले निर्धारण गरेको तरलता परिमाणलाई आधार बनाई खुला बजार कारोबार समितिले आवश्यकता अनुसार दुई हप्ता अवधिको निक्षेप संकलन बोलकबोल आह्वान गर्ने । | तरलता अनुगमन तथा प्रक्षेपण संरचनाबाट निर्धारित तरलता परिमाणका आधारमा आवश्यकता अनुसार निक्षेप संकलन गरिएको । |
| १३. | ६७ | अन्तरबैंक ब्याजदर र दुई हप्ता अवधिको रिपो रेट ब्याजदर करिडोरभित्र रहने । | समीक्षा अवधिमा पछिल्लो पटक गरिएको दुई हप्ता अवधिको निक्षेप संकलन बोलकबोलका लागि निर्धारित ०.८६०९ प्रतिशत ब्याजदरलाई करिडोरको तल्लो सीमा मान्दा समीक्षा अवधिमा अन्तर बैंक ब्याजदर र दुई हप्ता अवधिको रिपो रेट करिडोर भित्रै रहेको । |
| १४. | ६८ | लक्षित अन्तरबैंक ब्याजदर करिडोरको तल्लो वा माथिल्लो कुन सीमामा रहन्छ, सोको अनुभवको आधारमा ब्याजदर करिडोर पद्धतिमा क्रमशः सुधार गर्दै लगिने । | ब्याजदर करिडोर कार्यान्वयनको प्रारम्भिक चरणमा रहेको र आवश्यकता अनुसार यसमा परिमार्जन गर्दै लगिने । |
| १५. | ६९ | खुला बजार कारोबार विनियमावली, २०७१ मा व्यवस्था गरिएका धितोमा आधारित सोझै बिक्री, खरिद, रिपो र रिभर्स रिपो बोलेकबोल जस्ता खुला बजार उपकरणहरुको साविककै व्यवस्था बमोजिम आवश्यकतानुसार तरलता व्यवस्थापनका लागि प्रयोग गरिने । | खुला बजार कारोबार सञ्चालन समितिको निर्णय बमोजिम आवश्यक उपकरणहरुको प्रयोग साविककै व्यवस्था बमोजिम भईरहेको । |

| क्र.सं. | बुँदा नं. | लक्ष्य/कार्यक्रम | कार्यान्वयन स्थिति |
|---|---|---|---|
| १६. | ७२ | अनिवार्य नगद मौज्दात कायम गर्ने अवधिलाई साविक एक हप्ताबाट दुई हप्ता गरिएको । यस्तो मौज्दात दैनिक रुपमा ७० प्रतिशत कायम गर्नुपर्ने व्यवस्था गरिएको र ठीक दुई हप्ता अगाडिको एक हप्ताको औसत स्वदेशी निक्षेपको आधारमा मौज्दात अनुपात गणना गर्ने व्यवस्था मिलाइने । | २०७३/०५/२७ मा परिपत्र जारी भएको । |
| १७. | ७३ | विद्यमान तरलता अनुगमन तथा प्रक्षेपण संरचनालाई आवश्यकता अनुसार परिमार्जन गरिने । | अध्ययन भईरहको । |
| १८. | ७७ | अष्ट्रिच पालन, अलैंची खेती र मौरी पालन गरी निर्यात गरेमा निर्यात बराबरको रकममा विद्यमान प्रक्रिया अनुसार १ प्रतिंशत ब्याजदरमा विशेष पुनरकर्जा प्रदान गर्ने व्यवस्था गरिने । | २०७३/०५/०८ मा परिपत्र जारी भएको । |
| १९. | ७९ | वाणिज्य बैंकहरुले आफ्नो कुल कर्जाको २० प्रतिशत तोकिएका उत्पादनशील क्षेत्रमा प्रवाह गर्नुपर्ने व्यवस्थामध्ये कृषि तथा ऊर्जा क्षेत्रमा प्रवाह गर्नुपर्ने कर्जाको न्यूनतम सीमा हालको १२ प्रतिशतबाट २०७४ असार मसान्तसम्ममा १५ प्रतिशत पुऱ्याउनु पर्ने व्यवस्था गरिएको । | २०७३/१०/२५ मा परिपत्र जारी भएको । |
| २०. | ८० | तोकिएका उत्पादनशील क्षेत्रमा न्यूनतम् कर्जा प्रवाह गर्नुपर्ने गरी हाल कायम रहेको व्यवस्था अनुरुप कर्जा प्रवाह नगरेमा २०७४ असार मसान्तदेखि त्यस्तो नपुग रकममा बैंक दरमा हर्जाना लगाइने । | |
| २१. | ८१ | पर्यटकीय संभावना रहेका तर तुलनात्मक रुपमा विकास हुन नसकेका पर्यटकीय गन्तव्य पाथिभरा, माइपोखरी, हलेसी, लाङटाङ, स्वर्गद्वारी, माथिल्लो मुस्ताङ, गढीमाई, जनकपुरधाम, रारा तथा खप्तड क्षेत्रमा सुविधा सम्पन्न स्तरीय होटल स्थापना गर्न साधारण पुनरकर्जा उपलब्ध गराउने व्यवस्था गरिने । | २०७३/०५/०८ मा परिपत्र जारी भएको । |
| २२. | ८३ | आर्थिक वर्ष २०७३/७४ को बजेटमा उल्लेख भए बमोजिम युवा तथा साना व्यवसायीहरुलाई तोकिएका व्यावसायिक कृषिमा प्रवाह हुने कर्जामा ५ प्रतिशतका दरले ब्याज अनुदान उपलब्ध गराउने तथा सो क्षेत्रमा बैंक तथा वित्तीय संस्थाबाट प्रवाह गरिने कर्जालाई सरल बनाउन "युवाहरुलाई व्यावसायिक कृषि कर्जामा प्रदान गरिने ब्याज अनुदान | नयाँ कार्यविधिको मस्यौदा तयार गरी नेपाल सरकार, अर्थ मन्त्रालय समक्ष स्वीकृतिका लागि पेश गरिएको । |

| क्र.सं. | बुँदा नं. | लक्ष्य/कार्यक्रम | कार्यान्वयन स्थिति |
|---|---|---|---|
| | | सम्बन्धी कार्यविधि, २०७१" मा आवश्यक संशोधन गर्ने व्यवस्था मिलाइने । | |
| २३. | ८४ | हालसम्म बैंक तथा वित्तीय संस्थाहरुको लक्षित वर्गमा नपरेका र आर्थिक रुपमा विपन्न वर्गभन्दा माथि रहेकाहरु (Missing Middle) लाई कर्जा प्राप्त गर्न सहज होस् भन्ने उद्देश्यले बैंक तथा वित्तीय संस्थाहरुका साना तथा मझौला व्यवसाय डेस्क (SME Desk) लाई थप प्रभावकारी बनाउन अनुगमन गर्ने व्यवस्था मिलाइने । | स्थलगत निरीक्षणको क्रममा यस सम्बन्धी नियमित अनुगमन भइरहेको । |
| २४. | ८५ | आर्थिक वर्ष २०७३/७४ को बजेटमा उल्लेख भए अनुसार उद्यमशील युवाहरुलाई लगानीको बीउपुँजी (Seed Capital) उपलब्ध गराउने उद्देश्यले स्थापना हुने च्यालेन्ज फण्डको सुविधा प्राप्त गर्ने युवाहरुलाई आवश्यक हुने थप वित्तीय साधन उपलब्ध गराउन बैंक तथा वित्तीय संस्थाहरुलाई प्रोत्साहित गरिने । | नेपाल सरकारद्वारा च्यालेन्ज फण्डको व्यवस्था भएपश्चात् कार्यान्वयनमा ल्याइने । |
| २५. | ८५ | च्यालेन्ज फण्डको सुविधा प्राप्त गर्ने युवाहरुलाई बैंक तथा वित्तीय संस्थाहरुले थप कर्जा प्रवाह गरेमा त्यस्तो कर्जा उत्पादनशील कर्जा तथा विपन्न वर्ग कर्जामा गणना गर्ने व्यवस्था मिलाइने । | |
| २६. | ८६ | वाणिज्य बैंकहरुले विपन्न वर्गमा लगानी गर्नुपर्ने ५ प्रतिशतको कर्जा अनुपातलाई यथावत् राखी यस अन्तर्गत न्यूनतम् २ प्रतिशत कर्जा प्रत्यक्ष रुपमा लगानी गर्नुपर्ने व्यवस्था गरिएको । | मिति २०७३/०५/१३ मा परिपत्र जारी भएको । यस अनुसार वाणिज्य बैंकहरुले २०७३ पुस मसान्तमा कुल कर्जाको १.५ प्रतिशत पुऱ्याउनु पर्ने व्यवस्था रहेकोमा उक्त अनुपात १.३ प्रतिशत पुगेको । |
| २७. | ८७ | व्यावसायिक कृषि परियोजनाको धितोमा बैंक तथा वित्तीय संस्थाहरुबाट प्रवाह गरिने रु. १० लाखसम्मको परियोजना कर्जालाई विपन्न वर्ग कर्जामा गणना गर्ने व्यवस्था मिलाइने । | २०७३/०५/१३ मा परिपत्र जारी भएको । |
| २८. | ८८ | मौद्रिक नीतिमा उल्लिखित व्यवस्थाहरुको प्रगतिका सम्बन्धमा त्रैमासिक समीक्षा गरिने । | मौद्रिक नीतिको प्रथम त्रैमासिक समीक्षा गरी सार्वजनिक गरिएको । |
| २९. | ९० | वाणिज्य बैंकहरुले विवेकशील नियमन अन्तर्गत २०७३ साउनदेखि बासेल-३ मा आधारित न्यूनतम कमन इक्विटि टियर १ पुँजी अनुपात ४.५ प्रतिशत कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था गरिएको । | यस अनुसारको व्यवस्था कार्यान्वयनमा ल्याइएको । |

| क्र.सं. | बुँदा नं. | लक्ष्य/कार्यक्रम | कार्यान्वयन स्थिति |
|---|---|---|---|
| ३०. | ९१ | बैंकहरुको कुल जोखिम भारित सम्पत्तिको २.५ प्रतिशत विन्दुले हुने पुँजी क्यापिटल कन्जरभेसन बफर कायम गर्नुपर्ने व्यवस्था गरिएको । तोकिए बमोजिम कायम गर्न नसक्ने बैंकहरुले नाफाको रकम मध्येबाट पुँजीका लागि संचित गरेर मात्र वितरण गर्न सक्ने व्यवस्था कार्यान्वयन गरिने । | यस अनुसारको व्यवस्था कार्यान्वयनमा ल्याइएको । |
| ३१. | ९२ | वाणिज्य बैंकहरुको कुल जोखिम भारित सम्पत्तिको अधिकतम २.५ प्रतिशत विन्दुसम्मको अतिरिक्त काउन्टर साइक्लिकल बफर २०७४ असार भित्र कायम गर्नुपर्ने व्यवस्था गरिएको । | २०७४ असार मसान्तभित्र उक्त व्यवस्था कार्यान्वयनमा ल्याइने । |
| ३२. | ९३ | राष्ट्रिय स्तरका विकास बैंकहरुमा हाल रहेको समानान्तर पुँजी गणना विधि हटाई बासेल-२ पूर्ण रुपमा लागू गर्ने व्यवस्था मिलाइने । | २०७३/०४/१७ मा परिपत्र जारी गरिएको । |
| ३३. | ९३ | राष्ट्रिय स्तरका वित्त कम्पनीहरुमा समेत समानान्तर रुपमा बासेल-२ बमोजिम पूँजी गणना गर्ने व्यवस्था मिलाइने । | २०७३/०५/०८ मा परिपत्र जारी भएको । |
| ३४. | ९४ | वाणिज्य बैंकहरुका लागि बासेल-३ मा आधारित तरलता अनुगमन पद्धति लागू गर्ने र तरलताका आधारमा समेत शीघ्र सुधारात्मक कारबाही लागू गरिने । | यस सम्बन्धी व्यवस्था कार्यान्वयन गर्न आवश्यक प्रक्रिया अगाडि बढेको । |
| ३५. | ९५ | कर्जा जोखिमबाट बैंक तथा वित्तीय संस्थाहरुमा पर्न सक्ने नोक्सानीका लागि समयमै तयार रहन सुक्ष्म निगरानी जस्ता कर्जा नोक्सानी व्यवस्थालाई अझ मजबुत र जोखिममा आधारित बनाउँदै लगिने । | सुक्ष्म निगरानी गर्ने कार्य निरन्तर रुपमा भइरहेको । |
| ३६. | ९७ | वाणिज्य बैंकहरुले त्रैमासिक रुपमा ४ प्रतिशत लिभरेज अनुपात कायम गर्नुपर्ने व्यवस्था गरिएको । २०७५ साउनदेखि यस अनुपातमा बासेल कमिटिको मार्गदर्शनका आधारमा पुनरावलोकन गरिने । | यस अनुसारको व्यवस्था कार्यान्वयनमा रहेको । |
| ३७. | ९८ | वाणिज्य बैंकहरुले कुल निक्षेपमा संस्थागत निक्षेपको अंश साविकको ६० प्रतिशतबाट घटाई ५० प्रतिशतको सीमाभित्र राख्नुपर्ने व्यवस्था गरिएको । | २०७३/०४/१७ मा परिपत्र जारी गरिएको । २०७३ पुस मसान्तमा संस्थागत निक्षेपको अंश ५०.७४ प्रतिशत रहेको । |
| ३८. | ९८ | बैंक तथा वित्तीय संस्थाहरु (घ वर्गका बाहेक) ले आफ्नो कुल निक्षेप दायित्वको बढीमा एक चौथाईसम्म सापटी लिन सक्ने व्यवस्था गरिएको । | २०७३/०४/१७ मा परिपत्र जारी गरिएको । |

| क्र.सं. | बुँदा नं. | लक्ष्य/कार्यक्रम | कार्यान्वयन स्थिति |
|---|---|---|---|
| ३९. | १०४ | मार्जिन प्रकृतिको कर्जाको सुरक्षण वापत सेयरको मूल्याङ्कन गर्दा पछिल्लो १८० दिनको अन्तिम मूल्यको औसत मूल्य वा सेयरको प्रचलित बजार मूल्यमध्ये जुन कम हुन्छ सोको बढीमा ५० प्रतिशत रकमसम्म मात्र कर्जा प्रवाह गर्नुपर्ने व्यवस्था गरिएको । | २०७३/०५/०८ मा परिपत्र जारी भएको । |
| ४०. | १०७ | सेयरको धितोमा कर्जा प्रवाह गर्ने प्रयोजनको लागि संस्थापक सेयरको मूल्याङ्कन गर्दा साधारण सेयरको पछिल्लो १८० दिनको औसत मूल्यको बढीमा ५० प्रतिशत वा संस्थापक सेयरको अन्तिम कारोबारको मूल्यमध्ये जुन कम हुन्छ, सोको आधारमा कायम गर्नुपर्ने र यसरी कायम गरिएको मूल्यको बढीमा ५० प्रतिशत रकमसम्म मात्र कर्जा दिन सकिने व्यवस्था गरिएको । | २०७३/०५/०८ मा परिपत्र जारी भएको । |
| ४१. | १०८ | रियल स्टेट कर्जा र त्यसको सुरक्षणबीचको अनुपात (एलटीभी अनुपात) हालको ६० प्रतिशतबाट बढीमा ५० प्रतिशत कायम गर्नुपर्ने व्यवस्था गरिएको । | २०७३/०५/०८ मा परिपत्र जारी भएको । |
| ४२. | १०८ | आवासीय रियल स्टेट कर्जाको (एलटीभी अनुपात) ६० प्रतिशतसम्म रहने व्यवस्था गरिएको । | २०७३/०५/०८ मा परिपत्र जारी भएको । |
| ४३. | १०९ | रु. ५० करोड वा सोभन्दा बढीको बहु-बैकिङ्ग कर्जा उपयोग गर्ने ऋणीहरुको कर्जालाई सहवित्तीयकरण कर्जामा परिणत गर्नुपर्ने सीमा वृद्धि गरी रु. १ अर्ब कायम गरिएको । | २०७३/०५/०८ मा परिपत्र जारी भएको । |
| ४४. | ११४ | वित्तीय क्षेत्र विकास रणनीति स्वीकृत भएपश्चात् उक्त रणनीतिमा उल्लिखित कार्यक्रमहरु चरणवद्ध रुपमा कार्यान्वयन गर्दै लगिने । | वित्तीय क्षेत्र विकास रणनीति नेपाल सरकारबाट २०७३ पुस २२ गते स्वीकृत भएको र यस बैंकसँग सम्बन्धित कार्यहरु चरणवद्ध रुपमा कार्यान्वयन गरिने । |
| ४५. | ११५ | बैंक तथा वित्तीय संस्था लगायतका सूचक संस्थाहरुले सम्पत्ति शुद्धिकरण एवम् निवारण सम्बन्धी तयार गर्नुपर्ने विवरण तथा प्रतिवेदन आवश्यक सफ्टवेयर निर्माण गरी विद्युतीय माध्यमबाट पठाउनुपर्ने व्यवस्था गरिने । | goAML Software Install भई प्रयोगमा ल्याउन सबै “क” वर्गका बैंकहरुलाई Schema उपलब्ध गराई उक्त Software प्रयोग गर्ने विधिको बारेमा आवश्यक जानकारी गराईएको र उक्त Software परीक्षण प्रयोगको क्रममा रहेको । |
| ४६. | ११६ | सम्पत्ति शुद्धीकरण निवारण तथा आतंककारी क्रियाकलापमा वित्तीय लगानी नियन्त्रण सम्बन्धी नियमन, निरीक्षण तथा सुपरिवेक्षणका कार्यहरुलाई थप प्रभावकारी रुपमा अगाडि बढाउन राष्ट्रिय जोखिम | AML/CFT का सम्बन्धमा भैरहेको स्वःमूल्याङ्कन कार्यपश्चात् दोश्रो राष्ट्रिय जोखिम मूल्याङ्कन गरी जोखिममा आधारित सुपरिवेक्षण प्रणाली लागू हुने । |

| क्र.सं. | बुँदा नं. | लक्ष्य/कार्यक्रम | कार्यान्वयन स्थिति |
|---|---|---|---|
| | | मूल्याङ्कन प्रतिवेदनलाई समेत आधार मानी जोखिममा आधारित सुपरिवेक्षण प्रणाली क्रमिक रुपमा लागू गरिने । | |
| ४७. | ११८ | बैंक तथा वित्तीय संस्थाहरुले महानगरपालिका तथा उप-महानगरपालिका क्षेत्रभित्र र नगरपालिकाका केन्द्र बाहेकका स्थानहरुमा शाखा खोल्न एवम् २०७२ बैशाखको भूकम्पबाट अति प्रभावित काठमाडौं उपत्यका बाहेकका जिल्लाहरुमा रहेका इजाजतपत्र प्राप्त संस्थाका शाखा स्वीकृत स्थानमा रहन असुविधा हुन गएमा सोही जिल्लाको अन्य उपयुक्त स्थानमा त्यस्तो शाखा स्थानान्तरण गर्न यस बैंकको पूर्व स्वीकृति लिनु नपर्ने व्यवस्था गरिएको । | २०७३/०६/११ परिपत्र जारी भएको । |
| ४८. | ११९ | दूर्गम तथा ग्रामीण भेगमा रहेका सर्वसाधारणको वित्तीय सेवामा पहुँच पुगोस् भन्ने हेतुले इ-म्यापिङ्गका आधारमा तय गरिएका वित्तीय पहुँच कम भएका जिल्लाहरुमा बैंक तथा वित्तीय संस्थाहरुले अनिवार्य रुपमा शाखा खोल्नुपर्ने व्यवस्था मिलाइने । | ई-म्यापिङ्ग सम्बन्धी कार्य करिब ७० प्रतिशत सम्पन्न भएको । |
| ४९. | १२० | द्वन्द्वकालमा विस्थापित भएका बैंकहरुका शाखाको पुनर्स्थापनालाई प्रभावकारी बनाइने तथा निजी क्षेत्रका बैंकहरुलाई समेत त्यस्ता स्थानमा शाखा खोल्न प्रोत्साहित गरिने । | २०७३/०५/१३ मा परिपत्र जारी गरिएको । नेपाल बैंक लिमिटेड, राष्ट्रिय वाणिज्य बैंक लिमिटेड र कृषि विकास बैंक लिमिटेड को द्वन्दकालमा विस्थापित ३१८ शाखाहरुमध्ये २०७३ पुस मसान्तसम्ममा १५१ शाखा पुनर्स्थापना भएका । |
| ५०. | १२१ | पूर्वाधारका क्षेत्रमा लगानी गर्न निजी क्षेत्र समेतको सहभागितामा पूर्वाधार विकास बैंक स्थापना गर्ने कार्य अगाडि बढाइने । | संसदबाट हालै पारित बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐनमा पूर्वाधार विकास बैंक स्थापना सम्बन्धी कानूनी व्यवस्था उल्लेख भएको । उल्लिखित ऐन लागू भएपश्चात् यस सम्बन्धी नीतिगत व्यवस्था गरिने । |
| ५१. | १२२ | समग्र बैंकिङ्ग प्रणालीको संस्थागत सुशासन एवम् जोखिम व्यवस्थापनको गुणस्तर सुधार गर्नका लागि पारदर्शिता, खुलासा, स्वार्थको द्वन्द्व, अनुपालना लगायतका विषयमा अन्तर्राष्ट्रिय असल अभ्यास समेटी बैंक तथा वित्तीय संस्थाका सञ्चालकहरुलाई अभिमुखीकरण गर्न "सञ्चालक शिक्षा कार्यक्रम" सञ्चालन गरिने । | मिति २०७३/९/२६ मा परिपत्र जारी गरिएको । |
| ५२. | १२३ | वाणिज्य बैंकहरुमा नेपाल फाइनान्सियल रिपोर्टिङ्ग स्ट्याण्डर्ड (NFRS) लागू गर्ने प्रयोजनका लागि मार्गदर्शन जारी गरिएको । उक्त मार्गदर्शन बमोजिम वाणिज्य बैंकहरुले तयार गर्नुपर्ने वित्तीय विवरणहरुको ढाँचा | यस सम्बन्धमा एक समिति गठन भई कार्य अगाडि बढाइएको र समितिले २०७३ चैतसम्ममा प्रतिवेदन पेश गरी सोही अनुरुप कार्य अगाडि बढाइने । |

| क्र.सं. | बुँदा नं. | लक्ष्य/कार्यक्रम | कार्यान्वयन स्थिति |
|---|---|---|---|
| | | सम्बन्धी मस्यौदा समेत तयार भई एनएफआरएस कार्यान्वयन गर्ने क्रममा विद्यमान निर्देशनमा गर्नुपर्ने संशोधनहरुको पहिचान गरी नयाँ मार्गदर्शन जारी गरिने । | |
| ५३. | १२३ | एनएफआरएसलाई अन्य बैंक तथा वित्तीय संस्थाहरुमा समेत लागू गर्ने व्यवस्था मिलाइने । | आवश्यक प्रक्रिया अगाडि बढाइएको । |
| ५४. | १२४ | सामाजिक सुरक्षा भत्ता बैंक खातामार्फत् उपलब्ध गराउन तथा सबै नेपालीको बैंक खाता अभियान सञ्चालन गर्ने सम्बन्धमा आवश्यक व्यवस्था मिलाइने । | यस सम्बन्धमा आवश्यक नीतिगत व्यवस्था गर्न नेपाल सरकार, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको अगुवाईमा समन्वय गर्ने कार्य भइरहेको । |
| ५५. | १२५ | बैंक तथा वित्तीय संस्थाहरुले संस्थागत उत्तरदायित्व सम्बन्धी कार्यमा थप क्रियाशील हुन आफ्नो मुनाफाको कम्तीमा १ प्रतिशत रकम छुट्याउनु पर्ने र आफ्नो जनशक्तिको दक्षता अभिवृद्धिका लागि कुल कर्मचारी खर्चको न्यूनतम ३ प्रतिशत रकम तालिम तथा वृत्ति विकासमा खर्च गर्नुपर्ने व्यवस्था गरिने । | मिति २०७३/९/२६ मा जनशक्ति दक्षता अभिवृद्धि गर्ने सम्बन्धमा र २०७३/१०/१२ मा संस्थागत उत्तरदायित्व सम्बन्धमा परिपत्र जारी गरिएको । |
| ५६. | १२६ | नगद कारोबारबाट हुने जोखिम न्यूनीकरण गर्न रु. ५० लाखभन्दा बढीको कारोबार अनिवार्य रुपमा चेकमार्फत् गर्नुपर्ने व्यवस्था रहेकोमा उक्त सीमालाई घटाई रु. ३० लाख कायम गरिएको । | २०७३/०५/०८ मा परिपत्र जारी भएको । |
| ५७. | १२७ | "राष्ट्रऋण मार्गदर्शन, २०६०" मा आवश्यक परिमार्जन गरिने । | मार्गदर्शन परिमार्जनको कार्य भईरहेको । |
| ५८. | १२७ | सरकारी ऋणपत्रहरुको प्रमाणपत्रलाई अभौतिकीकरण गरी भुक्तानी व्यवस्थालाई सरलीकृत गर्नका लागि नयाँ सफ्टवेयर प्रयोगमा ल्याइने । | यस सम्बन्धमा कार्यदल गठन भई सोमार्फत् Business Requirement तयार गर्ने कार्य अन्तिम चरणमा रहेको । |
| ५९. | १२८ | नेपालको विद्यमान भुक्तानी प्रणालीलाई आधुनिकीकरण र व्यवस्थित गर्न साझेदार संस्थाहरुको समन्वयमा रियल टाइम ग्रस सेटलमेन्ट सिस्टम, सेन्ट्रल सेक्युरिटिज डिपोजिटरी तथा नेशनल पेमेन्ट स्वीच/गेटवे जस्ता विषयहरुमा अध्ययन गरिने । | यस सम्बन्धी अध्ययन कार्य भईरहेको । |
| ६०. | १२९ | लघुवित्त संस्थाहरुमार्फत् हुने बहु-बैकिङ्ग कारोबारलाई व्यवस्थित गर्न उक्त संस्थाहरुलाई कर्जा सूचना केन्द्रमा आवद्ध हुनुपर्ने व्यवस्था मिलाई | लघुवित्त संस्थाहरुलाई कर्जा सूचना केन्द्रमा आवद्ध गराइएको । |

| क्र.सं. | बुँदा नं. | लक्ष्य/कार्यक्रम | कार्यान्वयन स्थिति |
|---|---|---|---|
| | | कर्जा सूचना प्रणालीलाई प्रभावकारी तुल्याइने । | |
| ६१. | १३० | लघुवित्त संस्थाहरुले कर्जा लगानी गर्दा ग्राहकसँग लिने ब्याजदर सम्बन्धित संस्थाको कोषको लागत (Cost of fund) मा बढीमा ७ प्रतिशत स्प्रेड कायम गरी ब्याजदर निर्धारण गर्ने व्यवस्था मिलाइने । | मिति २०७३/९/२६ मा परिपत्र जारी गरिएको र यस अनुरुप अनुगमन भइरहेको । |
| ६२. | १३१ | संघीय संरचना तथा इ-म्यापिङ्गको अध्ययन प्रतिवेदन समेतलाई दृष्टिगत गरी लघुवित्त संस्थाहरुको वित्तीय पहुँचको अवस्था, स्तर वृद्धि, मर्जर/प्राप्ति तथा संचालन सम्बन्धमा अध्ययन गरी आवश्यक नीतिगत व्यवस्था गरिने र यस्तो व्यवस्था नभएसम्मका लागि लघुवित्त संस्था स्थापना एवम् वित्तीय कारोबार गर्न इजाजतपत्रको लागि आवेदन लिने कार्य स्थगन गरिएको । | मिति २०७३/०६/११ मा सूचना जारी गरिएको । |
| ६३. | १३१ | वित्तीय सेवाको पहुँच कम रहेका मनाङ, जुम्ला, डोल्पा, कालिकोट, मुगु, जाजरकोट, बझाङ, बाजुरा र दार्चुला जिल्लामा प्रधान कार्यालय स्थापना गरी उक्त ९ जिल्ला कार्यक्षेत्र रहने लघुवित्त संस्था स्थापनाको लागि विद्यमान इजाजत नीतिलाई यथावत राखिएको । | मिति २०७३/०६/११ मा सूचना जारी गरिएको । |
| ६४. | १३२ | राष्ट्रिय स्तरको थोक कर्जा प्रदान गर्ने लघुवित्त संस्थाहरुले २०७५ असार मसान्तसम्म न्यूनतम् चुक्ता पूँजी रु. ६० करोड कायम गर्नुपर्ने व्यवस्था गरिएको । | २०७३/०५/०८ मा परिपत्र जारी गरिएको । |
| ६५. | १३३ | लघुवित्त संस्थाहरुबाट प्रवाह हुने कर्जा सीमा निम्न अनुसार कायम गरिएको :<br>(क) विपन्न तथा न्यून आय भएका व्यक्तिलाई सामुहिक जमानीमा लघुउद्यम वा व्यवसाय सञ्चालन गर्न प्रति समूह सदस्य रु. १ लाखबाट रु. ३ लाख र विगत दुई वर्षदेखि कर्जा उपयोग गरी असल वर्गमा परेका समूह सदस्यको हकमा रु. ३ लाखबाट रु. ५ लाख ।<br>(ख) नवीकरणीय ऊर्जा प्रविधि अन्तर्गत सोलार सिस्टम र/वा बायोग्यास प्रयोजनको लागि प्रति परिवार रु. ६० हजारबाट रु. २ लाख । | २०७३/०५/०८ मा परिपत्र जारी गरिएको र यस अनुरुप अनुगमन भइरहेको । |

| क्र.सं. | बुँदा नं. | लक्ष्य/कार्यक्रम | कार्यान्वयन स्थिति |
|---|---|---|---|
| | | (ग) विपन्न तथा न्यून आय भएका व्यक्तिलाई धितो लिई लघुउद्यम वा व्यवसाय सञ्चालन गर्न प्रति समूह सदस्य रु. ३ लाखबाट रु. ५ लाख र विगत दुई वर्षदेखि कर्जा उपयोग गरी असल वर्गमा परेका समूह सदस्यको हकमा रु. ५ लाखबाट रु. ७ लाख ।<br>(घ) बैंक तथा वित्तीय संस्था नभएका गा.वि.स.हरुमा लघुवित्त संस्थाहरुबाट स्वीकारयोग्य धितो लिई समूहमा आबद्ध भएका तथा नभएका व्यक्तिहरुलाई लघुउद्यम सञ्चालन गर्न रु. ७ लाखबाट रु. १० लाख ।<br>(ङ) समूहमा आवद्ध नभएका विपन्न तथा न्यून आय भएका व्यक्तिलाई धितो लिई रु. ६० हजारबाट रु. ३ लाख । | |
| ६६. | १३४ | निर्धारित पुँजीकोष कायम नगर्ने लघुवित्त संस्थाहरुलाई शीघ्र सुधारात्मक कारबाही गर्ने सम्बन्धमा छुट्टै नीतिगत व्यवस्था गरिने । | शीघ्र सुधारात्मक कारबाही सम्बन्धी विद्यमान विनियमावली संशोधन गर्न कार्यदल गठन भई यस सम्बन्धी कार्य अगाडि बढाइएको । |
| ६७. | १३५ | जनसाधारणलाई वित्तीय सेवाको उपयोग गर्नका लागि प्रोत्साहन गर्न, वित्तीय सेवाका ग्राहकहरुको हित संरक्षण गर्न तथा वित्तीय समावेशीकरण बढाउन नेपाल सरकारबाट राष्ट्रिय वित्तीय साक्षरता नीति स्वीकृत भएपश्चात् सो अनुसारको कार्य अगाडि बढाईने । | वित्तीय साक्षरता नीतिको मस्यौदा नेपाल सरकार समक्ष पेश गरिएको । |
| ६८. | १३६ | कोरिया, इजरायल, अष्ट्रेलिया लगायतका देशबाट आप्रवाह हुनुपर्ने विप्रेषण रकमको अधिकतम् अंश बैकिङ्ग प्रणालीबाट भित्र्याउने सम्बन्धमा आवश्यक नीतिगत व्यवस्था गरिने । | पहिलो चरणमा दक्षिण कोरियाको लागि नेपाल सरकार अर्थ मन्त्रालयबाट आवश्यक नीतिगत व्यवस्था गर्न २०७३ माघमा कमिटी गठन भएको । |
| ६९. | १३७ | भारत बाहेक तेस्रो मुलुकहरुबाट ड्राफ्ट-टी.टी.को माध्यमबाट वस्तु आयात गर्दा एक पटकमा बढीमा अमेरिकी डलर ४० हजार बराबरसम्मको परिवर्त्य विदेशी मुद्रा भुक्तानी दिन पाइने व्यवस्था रहेकोमा सो सीमामा वृद्धि गरी अमेरिकी डलर ५० हजार कायम गरिने । | मिति २०७३/०४/२८ मा परिपत्र जारी गरिएको । |
| ७०. | १३८ | भारतबाट परिवर्त्य विदेशी मुद्रा भुक्तानी हुने गरी सफ्टवेयर खरिद गर्नुपरेमा हाल एकपटकमा बढीमा अमेरिकी डलर १० हजार सीमा रहेकोमा यसलाई वृद्धि गरी अमेरिकी डलर १५ हजारसम्मको सफ्टवेयर | मिति २०७३/०४/२३ मा परिपत्र जारी गरिएको । |

| क्र.सं. | बुँदा नं. | लक्ष्य/कार्यक्रम | कार्यान्वयन स्थिति |
|---|---|---|---|
| | | एल.सी.मार्फत् आयात गर्न पाउने व्यवस्था गरिने । | |
| ७१. | १३९ | यस बैंकमा प्रत्यक्ष वैदेशिक लगानीको लेखाङ्कन अनिवार्य रुपमा अद्यावधिक गर्नुपर्ने व्यवस्था गरिने । | आवश्यक प्रकृया अगाडि बढाइएको । |
| ७२. | १४० | इजाजतपत्र प्राप्त संस्थाहरुलाई कारोबारको विवरण पेश गर्न बैंकको कार्यालयमा आई विवरण बुझाउनुपर्ने व्यवस्थाले सेवाग्राहीलाई परेको कठिनाईलाई समाधान तथा व्यवस्थित गर्ने उद्देश्यले इजाजतपत्र प्राप्त व्यक्ति/संस्थाबाट अनलाइन तथ्याङ्क लिने व्यवस्था गरिने । | सफ्टवेयर निर्माण/खरिद सम्बन्धी प्रकृया अगाडि बढाइएको । |
| ७३. | १४१ | विप्रेषण व्यवसायमा संलग्न संस्थाहरुले क्रमशः निम्न बमोजिम न्यूनतम् चुक्ता पुँजी कायम गर्नुपर्ने व्यवस्था गरिएको ।<br>(क) रेमिट्यान्स कार्ड जारी गर्ने कम्पनीको हकमा रु. २५ करोड ।<br>(ख) प्रिन्सिपल कम्पनी भई कारोबार गर्ने विप्रेषक फर्म, कम्पनी वा संस्थाले रु. ५ करोडबाट रु. १० करोड ।<br>(ग) विदेशस्थित प्रिन्सिपल कम्पनीको एजेन्ट भई विप्रेषणको कारोबार गर्ने फर्म, कम्पनी वा संस्थाले रु. १ करोडबाट रु. २ करोड । | २०७३/०५/०५ मा परिपत्र जारी गरिएको । |
